# सिस्ने गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

रुकुमकोट, रुकुम (पूर्व)

लुम्बिनी प्रदेशनेपाल ,

विषय : चमेना गृह संचालनका लागि प्रश्ताव पेश गर्ने सम्बन्धिको सुचना ।

पहिलो पटक प्रकाशित मिति : २०७९।०२।१३

यस गाउँपालिकाको मिति २०७९ जेठ ९ गतेको निर्णयानुसार यस गाउँपालिकाको कार्यालय परिसर भित्र चमेना गृह संचालन गर्नु पर्ने भएको हुँदा उक्त कार्यलाई व्यवसथित तथा नियमन गर्न ठेक्का प्रकृयामा दिन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

इच्छुक व्यवसायी तथा व्यक्तिहरुले तपशिल शर्तको अधिनमा रहि शिलवन्धि प्रस्ताव तोकिएको मिति र समयमा यस कार्यालयमा दर्ता गराउनहुन अनुरोध छ ।

| ठेक्का नं | ठेक्काको नाम | न्युनतम मासिक भाडा दर ( मु.अ.क बाहेक) | शिलबन्दी प्रस्ताव खरिद दस्तुर | प्रस्ताव किन्ने अन्तिम मिति | प्रस्ताव पेश गर्ने/खोलिने मिति |
|---|---|---|---|---|---|
| शिलवन्दी/सिस्ने/आ.रा./०३/०७८/७९ | चमेना गृह संचालन | रु ७,००० ( सात हजार) | रु १००० | २०७९।०२।२७ | २०७९।०२।३० गते दिउसो १२ बजेसम्म पेश गर्ने र २ बजे खोल्ने |

१. प्रस्ताव पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा बिदापछि कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ ।

२. आफुले कबोल गरेको रकमा अंक र अक्षरमा प्रस्ट गरि लेखिएको हुनुपर्नेछ । यदि अंक र अक्षरको रकम फरक पर्न गएमा अक्षरको रकम मान्य हुनेछ ।

३ शिलबन्द प्रस्ताव पेश गर्ने व्यक्तिको हकमा अनिवार्य रुपमा नेपाली नागरिकताको प्रमाणपत्र र गाउँपालिकामा बुझाउनुपर्ने सबै प्रकारका कर चुक्ता गरेको प्रमाण (वडा कार्यालयवाट) साथै व्यवसायी को हकमा दर्ता गर्दा/नविकरण सम्बन्धि कागजातहरु संलग्न राखि पेश गर्नुपर्नेछ ।

४. चमेना गृह संचालन गर्ने समयावधि सम्झौताको मिति देखि लागु हुने गरि १ (एक) बर्ष सम्म रहने छ । प्रस्तावदाताले उक्त अवधिभन्दा बढि समय संचालन गर्न चाहेमा कार्यालय र संचालक विच आपसि समझदारीमा बार्षीक रुपमा थप गर्दै लगीने छ । त्यसरी समय थप गर्दै जादाँ प्रत्यक २/२ बर्षमा मासिक भाडा दरमा १०%का दरले समायोजन गर्दै लगीने छ ।

५. चमेना गृह संचालन गर्न स्थान र भवन बाहेक सम्पुर्न सामाग्री संचालक स्यंमले बेवस्था गर्नु पर्नेछ । साथै विधुत र पानीको विल संचालकले नै व्यहोर्नु पर्नेछ ।

६. सम्झौताको मितिले बर्षको २ पटकका दरले ६/६ महिनामा यस गाँउपालिकाको नाममा रुकुमकोट रुकुम (पुर्व) शाखामा रहेको राजश्व खातामा जम्मा गरि भौचर पेश गर्नुपर्ने छ ।

७. ठेक्का स्वीकृत तथा सुचना संसोधन सम्बन्धि निर्णय गर्ने अधिकार गाउँपालिकामा नै निहित हुनेछ ।

८. प्रस्तावदाताले गुण्स्तरीय सेवा दिने प्रतिवद्दता पत्र सहित खाजा र खाना (मासिक/दैनिक)को मुल्य सूचि बनाई पेश गनुपर्नेछ ।

९.सुचनाबाहेकका अन्य व्यवस्था प्रचलीत कानुन बमोजीम हुनेछ ।

१०. चमेना गृह संचालन गर्ने सम्बन्धि अन्य व्यवस्था ठेक्का सम्झौताबमोजिम हुनेछ ।

चिन्तामणि दाहाल

प्रमुख प्रशासकिय अधिकृत